महत्त्वपूर्ण

# कृपया म्याद भित्र कागजातहरू पेश गर्नुहोस्!

## <u>उच्च मा.वि.तहका विद्यार्थी आदि · नयाँ शिक्षण सहायता अनुदान</u>

यो प्रणाली प्रयोग गरेर मासिक शिक्षण शुल्क वा वार्षिक पाठ्यक्रम शुल्कलाई ० येन बनाउन चाहनुहुन्छ भने, आवेदन दिनु पर्नेछ।

## ◆ आवेदन दिने तरिका

① विद्यालयको कार्यालयबाट कागजी आवेदन फारम दिइनेछ, त्यसैले कृपया आफ्नो ठेगाना, नाम, राष्ट्रियता, बसोबास-भिसा आदि भर्नुहोस्।

② 'तयार गर्नुपर्ने कुरा' मा उल्लेख गरिएका कागजातहरू आवेदन फारमसँगै विद्यालयको कार्यालयमा पेश गर्नुहोस्।

आवेदनको म्याद : महिना दिन ( ) सम्म

## ◆ योग्य व्यक्तिहरू

- अहिलेसम्म उच्च मा.वि. पास नभएका विद्यार्थीहरू
- उच्च मा.वि.मा भर्ना भएको कुल अवधि 36 महिना (अंशकालीन पाठ्यक्रमको हकमा 48 महिना) ननाघेका विद्यार्थीहरू

※यसका अतिरिक्त राष्ट्रियता र बसोबास-भिसा आदि जस्ता सर्तहरू तथा आय सम्बन्धी सर्तहरू पनि छन्।
विस्तृत जानकारीका लागि कृपया वेबसाइटमा हेर्नुहोस्।

MEXT

## ◆ तयार गर्नुपर्ने कुरा

(A)तलका कागजातहरूमध्ये एउटा तयार गर्नुहोस्।

सम्पूर्ण अभिभावक (अभिभावकत्व भएका व्यक्ति) हरूको (बुबा र आमा दुवै हुनुहुन्छ भने, दुवै जनाको) कागजात आवश्यक पर्नेछ।

| | |
|---|---|
| □नगरपालिका निवासी कर · प्रिफेक्चरल निवासी करको कर निर्धारण (कर छुट) प्रमाणपत्र ※<br>(सक्कल वा प्रतिलिपि) | □जीवन निर्वाह सहायता प्राप्तिको प्रमाणपत्र<br>(सक्कल) |
| आर्थिक वर्ष 2025 र आर्थिक वर्ष 2026 दुवैको आवश्यक पर्नेछ।<br>※नगरपालिकाको काउन्टरमा प्रमाणपत्र जारी गराउँदा, विद्यालयबाट प्राप्त गरेका सबै कागजातहरू काउन्टरमा देखाउनुहोस्। | 1 जनवरी 2025 को अवस्थामा जीवन निर्वाह सहायता प्राप्त गरिरहेको पुष्टि हुने कागजात आवश्यक पर्नेछ। |

(B)अहिलेसम्म विद्यालयको कार्यालयमा तलको कागजात पेश गर्नुभएको छैन भने, एउटा तयार गरी (A) सँगै पेश गर्नुहोस्।

| □निवासी दर्ताको प्रतिलिपि (सक्कल) | □बसोबास कार्डको प्रतिलिपि |
|---|---|
|   |   |

## ◆ यस्ता अवस्थामा, कार्यालयमा अनिवार्य रूपमा सम्पर्क गर्नुहोस्

- अभिभावक (अभिभावकत्व भएका व्यक्ति) मा परिवर्तन भएको बेला
- ठेगानामा परिवर्तन भएको बेला
- राष्ट्रियता वा बसोबास-भिसा परिवर्तन भएको, बसोबास अवधिको नवीकरण आदि भएको बेला
- अभिभावक आदिको आय अवस्थामा परिवर्तन (आयको संशोधित घोषणा वा कर रकमको सुधार) भएको बेला

केही कुरा बुझ्नुभएन भने, कृपया यहाँ फोन गर्नुहोस्।
कानागावा प्रिफेक्चरल ○○ उच्च मा.वि.　कार्यालय
TEL ○○○—○○○—○○○○